
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो । कोही कसैलाई हिंसा भएमा निःशुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं ।

*२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं*

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क ३०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर १९ गते सोमबार ❑ 5 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नवौं राष्ट्रिय खेलकुदका पदक विजेतालाई नगद सहित सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

प्रदेश खेलकुद परिषद गण्डकीले आइतबार पोखरामा खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा खेल संघहरु नगद सहित सम्मान गरेको छ ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ मा पदक विजेताहरुलाई एक भव्य कार्यक्रमका विच नगद, प्रशंसापत्र तथा पौष्टिक आहारसहित सम्मान गरेको हो । नवौं राष्ट्रिय खेलकुदमा गण्डकी राष्ट्रिय खेलकुदको इतिहासमा नै पहिलो पटक सातै प्रदेश मध्ये प्रथम स्थान प्राप्त गर्न सफल थियो भने समग्रमा विभागिय टिम पश्चात चौथो स्थान प्राप्त गरेको थियो ।



प्रदेश खेलकुदले स्वर्ण पदक प्राप्त गर्न सफल एकल तथा टिमतर्फ गरी कुल ७२ जना, रजत पदक विजेता ९२ जना र काश्य पदक विजेता १६० जना गरी ३२४ जना खेलाडीलाई सम्मान गरेको छ । त्यसैगरी खेल प्रशिक्षक र व्यवस्थापक गरी ८२ जना र २८ खेलसंघहरु समेत नगद सहित सम्मानित भएका छन् । असोज २८ देखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा सम्पन्न नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशले ३२ स्वर्ण, ३१ रजत र ७६ काश्य पदकका साथ सातै प्रदेश मध्ये पहिलो स्थान ओगट्न सफल भएको थियो । परिषदले एकलतर्फ स्वर्ण पदक विजेतालाई नगद १८ हजार, रजतलाई १२ र काश्य पदक विजेतालाई ८ हजार प्रदान गरेको छ । त्यसै टिमतर्फ स्वर्ण पदक विजेतालाई नगद ९ हजार जनही, रजततर्फ ६ हजार र काश्य पदक विजेतालाई ४ हजार जनही प्रदान गरेको छ । त्यसैगरी प्रशिक्षकलाई स्वर्ण, रजत र काश्य पदक विजेतालाई क्रमश जनही नगद रु १० हजार, ८ हजार र ६ हजार, व्यवस्थापकलाई जनही नगद रु ८ हजार, ६ हजार र ४ हजार प्रदान गरेको छ भने खेल संघहरुलाई स्वर्ण पदक विजेतालाई नगद रु ४० हजार, रजत पदक विजेतालाई नगद रु ३० हजार र कास्य पदक विजेता संघलाई नगद रु २० हजार प्रदान गरेको छ । नवौं राष्ट्रियमा रेकर्ड व्रेक गर्ने आर्चरी खेलका जागृत गुरुङलाई थप नगद १० हजार सहित सम्मान गरेको छ ।

कार्यक्रममा खेलाडी, प्रशिक्षक, व्यवस्थापक र खेल संघहरुलाई गण्डकी प्रदेशका यूवा तथा खेलकुद मन्त्री राजिव गुरुङ, मन्त्रालयका सचिव वद्रिनाथ अधिकारी, परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, प्रदेश खेलकुदका सदस्य सचिव घनश्याम पौडेल, नेपाली सेनाका पश्चिम पृतनापति दिपक बानियाँ, प्रदेश खेलकुदका संस्थापक सदस्य सचिव तेज बहादुर गुरुङ लगायतले नगद, सम्मानपत्र खादा लगाएर विजेताहरुलाई सम्मान गरेका थिए ।

सो अवसरमा प्रदेश खेलकुदको सफल नेतृत्व सम्हालेका संस्थापक सदस्य सचिव तेज बहादुर गुरुङलाई सम्मानपत्र द्वारा सम्मान गरिएको थियो भने नवौं राष्ट्रिय खेलकुदमा स्वयसेवी भूमिकामा रहेर महत्वपूर्ण योगदान दिने विष्णु बहादुर गुरुङ लगायतलाई सम्मान गरिएको थियो ।

## तत्काल गठबन्धनको विकल्प खोज्ने पक्षमा छैनौँ : माओवादी

**रासस**
**काठमाडौं, १८ मंसिर**

नेकपा (माओवादी केन्द्र) ले तत्काल गठबन्धनको विकल्प खोज्ने पक्षमा पार्टी नरहेको ठहर गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतबार बसेको पदाधिकारी बैठकले गठबन्धन फोड्ने वा तोड्ने पक्षमा आफूहरू नरहेको निष्कर्ष निकालेको हो ।

बैठकपछि माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले आजको बैठकमा विशेषगरी यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको प्रारम्भिकरूपमा समीक्षा गरिएको जानकारी दिनुभयो । उहाँले नयाँ सरकार गठनका सन्दर्भमा कुनै विषय नै प्रवेश नगरेको उल्लेख गर्दै उहाँले सत्तारूढ गठबन्धनको बैठक आह्वान गरेर समग्र पक्षमा छलफल गरिने बताउनुभयो ।

महासचिव गुरुङका अनुसार गठबन्धनको बैठक सोमबारका लागि बोलाइएको छ । उहाँले भन्नुभयो, 'गठबन्धनमा विमति पैदा भएको अवस्था पनि होइन, तोड्नुपर्छ वा फोड्नुपर्छ भन्ने कुरा पनि होइन । सरकार गठनको विकल्पमा उल्लेखनीय रूपमा विषय प्रवेश गरेको छैन ।

हामी विशेषगरी निर्वाचनको समीक्षाको पाटोमा केन्द्रीत छौँ ।' बैठकले निर्वाचनसँग सम्बन्धित सबै पक्षलाई आभार प्रकट गरेको जानकारी दिनुभयो । उहाँले शनिबार र आजको बैठकमा निर्वाचनका सन्दर्भमा हाम्रा आफ्ना के कस्ता सीमा र के कस्ता कमी कमजोरी के के भए त्यसलाई सुधार गर्दै लगेर पार्टीलाई सशक्त बनाएर जाने विषयमा महत्वपूर्ण छलफल भएको बताउनुभयो । सरकार गठनको सन्दर्भमा गठबन्धन घटकका बीचमा कुराकानी हुने जानकारी दिँदै उहाँले पार्टीभित्र त्यस सम्बन्धमा कुनै छलफल नै नभएको बताउनुभयो ।

'हामी अहिले गठबन्धनमा छौँ । गठबन्धनको बैठक बस्नुपर्छ । निर्वाचनसँग जोडिएका सीमा र कमीकमजोरी के के भएका छन् । त्यसमा छलफल गर्नुपर्छ भन्ने भएको छ', उहाँले भन्नुभयो ।

## नेपाली कांग्रेस गण्डकी प्रदेशद्वारा धन्यवाद ज्ञापन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ मंसिर**

नेपाली कांग्रेस गण्डकी प्रदेशले मंसीर ४ गते सम्पन्न निर्वाचनमा सहयोगीहरुलाई धन्यवाद ज्ञापन गरेको छ ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको अध्यक्षतामा नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यालयमा आइतबार भएको पदाधिकारी बैठकबाट धन्यवाद ज्ञापन गरेको हो । प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु)ले यही मंसीर ४ गते भएको राष्ट्रिय आम निर्वाचन शान्तिपूर्ण तरिकाले गराउन सहयोग गर्नुहुने निर्वाचन आयोग, सम्पूर्ण मतदाता, पाँचदलिय गठबन्धनका नेता तथा कार्यकर्ता, सम्पूर्ण सञ्चारकर्मी, सुरक्षाकर्मी तथा पर्यवेक्षक सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्नुका साथै निर्वाचनले संवैधानिक, प्रजातान्त्रिक पद्धतिको निर्माणमा सहयोग पुऱ्याएको हामीलाई अनुभुती भएको कुरा उल्लेख गरिएको जानकारी गराए ।

मंसीर ४ गते सम्पन्न भएको आम निर्वाचनबाट गण्डकी प्रदेशमा पनि नेपाली कांग्रेसलाई ठूलो पार्टी बनाउने पाँचदलिय गठबन्धन भएकोले नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन गर्नको लागि आवश्यक पहल र छलफल गर्ने निर्णय गरिएको उनले भने । साथै, हालै सम्पन्न राष्ट्रिय निर्वाचनमा यस गण्डकी प्रदेशबाट पाँचदलिय गठबन्धनबाट उम्मेदवार भएका १८ संघीय सांसदका उम्मेदवार मध्ये १३ जना संघीय सांसद जिताएको र ति मध्ये १० जना नेपाली कांग्रेसले जितेको छ भने गण्डकी प्रदेश सभा सदस्य ३६ मध्ये गठबन्धनबाट २३ सभा सदस्यलाई जिताएको र त्यस मध्ये १८ प्रदेश सदस्य नेपाली कांग्रेसले जितेकाले गठबन्धनका तर्फबाट केन्द्रमा नेपाली कांग्रेसको नेतृत्वमा केन्द्रीय सरकार र यस गण्डकी प्रदेशमा पनि गठबन्धनका तर्फबाट नेपाली कांग्रेसको नेतृत्वमा प्रदेश सरकार बनाउन पहल गर्ने निर्णय गरिएको प्रवक्ता बास्तोलाले बताए ।

## राजनीतिक स्थिरता र विकास गर्छौँ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १८ मंसिर**

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं नवनिर्वाचित प्रतिनिधिसभा सदस्य रामचन्द्र पौडेलले अब बन्ने सरकारले राजनीतिक स्थिरता, सुशासन, विकास र गाउँमै रोजगारी प्रदान गर्ने बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिका-८ पुलिमराङमा आयोजित कार्यक्रममा उहाँले सत्तारुढ गठबन्धनको लक्ष्य शान्ति, सुशासन र स्थिर सरकार हो भन्नुभयो । "देशलाई सुशासन आवश्यक छ, भ्रष्ट्राचार र कमिशनतन्त्र रोक्न सक्यौं भने देशको विकास हुन्छ", नेता पौडेलले भन्नुभयो, "कृषिमा क्रान्ति गरेर खाद्यान्नमा आत्मनिर्भर हुनुपर्छ, पर्यटनको विस्तार गाउँसम्म पुऱ्याउनुपर्छ, गाउँगाउँमा उद्योग खोल्नुपर्छ, यसले गाउँमा नै रोजगारी सिर्जना गर्छ र समृद्ध मुलुक बनाउन सकिन्छ ।"

उहाँले नवनिर्वाचित जनप्रतिनिधिले जनताको विश्वासमा धोका दिन नहुने बताउनुभयो । उहाँले पुलिमराङस्थित सहिद पार्क पुगी सहिदको सालिकमा माल्यापर्ण गर्नुभएको थियो । त्यस अवसरमा उहाँले आफू सहिद धर्मध्वज गुरुङको प्रेरणाले राजनीतिमा लागेको बताउनुभयो ।

## निष्ठाको राजनीति उदय भएको छ : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १८ मंसिर**

निर्वाचन क्षेत्र २ मा मतदान भएको १० दिनपछि भएको मतगणना शनिवार राती सम्पन्न भएको छ । ७१ हजार १ सय ९१ मतदान भएको स्याङ्जा २ मा संघ र प्रदेशमा गठबन्धनका उम्मेदवार बिजयी भएका छन् । नेकपा एमालेका उम्मेदवारलाई पराजित गर्दै गठबन्धनबाट नेपाली काँग्रेसका तिनैजना उम्मेदवार बिजयी भएका हुन् ।



प्रतिनिधिसभा सदस्यमा नेपाली काँग्रेसका केन्द्रीय उपसभापति गुरुङ ५ हजार ६ सय २७ मतान्तरले नेकपा एमालेका उम्मेदवार केन्द्रीय सचिव पद्मा अर्याललाई पराजित गरी बिजयी भएका छन् । उपसभापति गुरुङ्ले ३१ हजार ४ सय ६६ मत प्राप्त गरेका थिए भने उनका प्रतिस्पर्धी सचिव अर्यालले २५ हजार ८ सय ३९ मत प्राप्त गरेकी थिइन् । पछिल्लो समय राजनीतिमा उदाएको राष्ट्रिय स्वतन्त्र पाटीका टिकराज गुरुङ्ले ८ हजार १ सय १३ मत प्राप्त गरेका थिए । २०७४ को निर्वाचनमा नेपाली काँग्रेसका नेता तथा पुर्व उपप्रधानमन्त्री गोपालमान श्रेष्ठलाई पराजित गरेर केन्द्रीय राजनीतिमा उदाएकी अर्याललाई २०७९ को आम निर्वाचनले ब्रेक लगाएको छ । त्यसैगरी गण्डकी प्रदेशसभा सदस्यमा दुवै जना नेपाली काँग्रेसबाट निर्वाचित भएका छन् । निर्वाचन क्षेत्र २ प्रदेश (१) बाट भोजराज अर्याल र प्रदेश (२) मा महेश भट्टराई निर्वाचित भएका छन् । अर्यालले १५ हजार १ सय ६१ मत प्राप्त गरेका थिए भने उनका प्रतिस्पर्धी नेकपा एमालेका महोन रेग्मीले १२ हजार ४ सय ३१ मत प्राप्त गरेका थिए । त्यसै गरी प्रदेश २ मा भट्टराईले १८ हजार ७ सय ८८ मत प्राप्त गरेका थिए भने उनका प्रतिस्पर्धी नेकपा एमालेका बुद्धिमान श्रेष्ठले १७ हजार २ मत प्राप्त गरेका थिए । २०७४ को आम निर्वाचनमा एक प्रदेश र संघ जितेको नेकपा एमालेले अहिले दुवै क्षेत्र गुमाएको छ । नेपाली काँग्रेसले आफ्नो विरासत २०७९ को निर्वाचनबाट फर्काएको छ । प्रदेश (१) का उम्मेदवार रेग्मी २०७४ को निर्वाचनमा फराकिलो मतान्तरले बिजयी भएका थिए ।

पुन : प्रदेश सदस्यमा उम्मेदवार बनेका रेग्मीलाई २०७९ को निर्वाचनले सांसद बन्न रोकिदिएको छ । प्रदेश (२) मा भने दुवै उम्मेदवार नयाँ अनुहारका भएपनि २०७४ को निर्वाचनमा नेपाली काँग्रेसका भागवत प्रकाश मल्ल निर्वाचित भएका थिए । यो प्रदेशको बिरासतलाई काँग्रेसले कायमै राख्न सफल भएको छ ।

निर्वाचत प्रतिनिधिसभा सांसद र प्रदेशसभा सांसदलाई आइतवार निर्वाचन अधिकृतको कार्यालयले प्रमाणपत्र दिएर बधाई तथा शुभकामना सम्पन्न गरेको छ । उक्त बधाई तथा शुभकामना कार्यक्रममा नव निर्वाचित प्रतिनिधिसभा सांसद धनराज गुरुङ्ले निष्ठाको राजनीतिको उदय भएको बताए । यो बिजयले देशलाई निष्ठाको राजनीतिमा लैजान सहयोग हुने विश्वास दिलाए । भष्ट्र्चारको अन्त्य नभएसम्म मुलुकको विकास नहुने दावी गर्दै आएका उपसभापति गुरुङ्ले यो निर्वाचनमा भष्ट्र्चारको बिषयलाइ्र मुख्य मुद्दा बनाएर मतदाता बिच पुगेका थिए ।

गण्डकी प्रदेशसभा सांसदमा निर्वाचित अर्याल र भट्टराई प्रदेशका मतादाताको शिर उचो रहनेगी काम गर्ने विश्वास दिलाए । प्रदेशको विकासमा राजनीतिक विभेद नगरी साझा सांसद भएर काम गर्ने प्रतिवद्धता उनीहरुको थियो । स्याङ्जा निर्वाचन क्षेत्र १ मा नेपाली काँग्रेसका जिल्ला सभापति राजु थापा प्रतिनिधिसभामा निर्वाचित भएका छन् भने दुई प्रदेशमा नेकपा एमालेले बिजयी हासिल गरेको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेसनल प्याब्सन खेलकुद महोत्सव अन्तर्गत विभिन्न चरणका खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ मंसिर

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन प्याब्सन) कास्कीको आयोजनामा आइतबार पोखरामा पहिलो तथा दोश्रो चरणका गरी सिनियर फुटवल तर्फ १० वटा खेलहरु सम्पन्न भएको छ ।



खेलकुद महोत्सव अन्तगत अनौपचारिक रुपमा जारी रहेको उक्त खेल अन्तगत सिनियर छात्र तर्फ फुटवल प्रतियोगिता अन्तर्गत आइतबार पहिलो तथा दोश्रो चरणका १० र जुनियर सेभेन ए साइड फुटवल तर्फका ९ खेलहरु भएको फुटवल खेल संयोजक राजु केसीले बताए । आइतबार भएको खेलमा सिद्धि विनायकले अक्सपोर्टलाई,अर्को खेलमा साइनिङ स्टारले कान्तिपुर बोर्डिङ स्कुललाई पराजित गर्दा न्यू ग्यालेक्सिले युनिभर्सल स्कुललाई पराजित गऱ्यो । त्यसै गरी नेश्नल क्रियसनले हेमजा बोर्डिङलाई, विरेन्द्र मेमोरियलले एल.पी. देवकोटालाई, ज्ञान ज्योतिले डाइमण्ड एकेडेमीलाई,हिल साइडले मनिङ ग्लोरीलाई, कास्की मोडनाइजले ग्यालेक्सिलाई, इम्पानुअल स्कुलले श्री रत्न ज्योतीलाई आइतबारको अन्तिम खेलमा राइजिङ स्टारले सिद्धि विनायक स्कुललाई पराजित गरेको हो ।

त्यसै गरी आइतबार जुनियर तर्फको सेभेन ए साइड फुटवल खेल अन्तगत पहिलो तथा दोश्रो चरणका गरी ९ खेल भएको जुनियर तर्फको सेभेन ए साइड फुटवल प्रतियोगिताका संयोजक हिमाल गुरुङले बताए । आइतबार बिहान भएको पहिलो खेलमा ज्ञान ज्योतिले विरेन्द्र मेमोरियललाई पराजित गरे पनि दोश्रो चरणको खेलमा पुष्प सदनले ज्ञान ज्योतिलाई पराजित गऱ्यो ।

अर्को खेलमा एल.पी. देवकोटाले रत्न ज्योतीलाई, इम्पानुअल स्कुलले रिलायन्स पब्लिक स्कुललाई, युनिभर्षल स्कुलले वर्ड्स एकेडेमीलाई, न्यू लेखनाथले मनिङ ग्लोरीलाई, साइनिङ स्टारले लिभिन रिसिडेण्टल र अक्सपोर्ट स्कुलले अल्फा एकेडेमीलाई पराजित गऱ्यो ।

पोखरा रंगशालाको बैकल्पिक फुटवल मैदान र गण्डकी प्रदेश प्रहरी गण ड्यामसाइमा सिनियर तर्फको फुटवल खेल भयो भने जुनियर तर्फको सेभेन ए साइड फुटवल खेल भद्रकालिको माछापोखरी खेल मैदानमा भएको छ ।

प्रतियोगितामा छात्र सिनियर तर्फ ३७ र जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगितामा ३३ टिमको सहभागिता रहेको छ । मंसिर २३ गतेसम्म पोखरामा संचालन हुने उक्त महोत्सवमा एन प्याब्सनमा आबद्ध ४६ विद्यालयका करिब ७ हजार खेलाडीहरु सहभागि हुने भएको एन प्याब्सनका अध्यक्ष हेमन्त अधिकारीले बताए ।

# व्यापार मेलामा दर्शक र कारोबार बढ्दो

पोखरापत्र संवाददाता
पोखरा, १८ मंसिर

पोखराको नयाँबजारमा जारी समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला २०७९ मेलामा सोमबार चर्चित लोकगायक श्याम राना र तुलसा जिसीको प्रस्तुति रहने भएको छ ।

मेलाको सांस्कृतिक उपसमितिकी संयोजक शोभा गौतमका अनुसार उनीहरुको प्रस्तुतिसँगै डान्स आइडल एवं रत्यौली गीतका प्रतिस्पर्धीहरुले पनि अवलोकनकर्तालाई भरपुर मनोरञ्जनप्रदान गर्नेछन् । आइतबार रितु कँडेल,लक्ष्मी बानिया, पार्वती गुरुङ, रामजी खाँड,कृष्ण सुवेदी, जगत पौडेल, मिलन पौडेललगायतको प्रस्तुति रहेको थियो ।सोमबार अगुवा महिला उद्यमीहरु इन्दिरा बराल र लक्की क्षेत्री कार्कीसँग उद्यमशीलताबारे अन्तरक्रिया कार्यक्रम पनि राखिएको संघका कोषाध्यक्ष दीनेशचन्द्र बास्तोलाले बताए ।

पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य,पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने उद्धेश्यले मेलाको आयोजना गरिएको हो । लगानीको सम्वर्द्धन : उद्योग ब्यवसायको प्रवर्द्धन भन्ने नारा अनुरुप नै यो मेला गण्डकी प्रदेशको व्यवसाय बिस्तारको संभावनाको खोजी तथा यो प्रदेशको पर्यटकीय सम्भावना उजागर गर्ने उद्धेश्यमा समर्पित रहेको आयोजक पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यले जानकारी दिए । उनका अनुसार मेलाको आकर्षणको रुपमा औद्योगिक तथा व्यापार मेला, हस्तकला मेला, कृषिमेला, पुष्पमेला, अटोमेला, सूचना तथा प्रविधिहरुको प्रदर्शनी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको गतिविधिहरुको प्रदर्शनीलगायत दैनिक उपभोग्य वस्तु घरायसी सरसामान, लत्ताकपडा, श्रृंगारका सामानहरुको बिक्री वितरण रहेका छन् । तेस्रो दिनसम्म करिब १३ हजार जनाले मेलाको अवलोकन गरेको पनि उनको भनाइ छ । यता मेलाको टिकट व्यवस्थापन उपसमितिका संयोजक सुदीप ओफाका अनुसार आइतबार २० जना अवलोकनकर्ताले प्रवेश टिकटमा राखिएको अन्नपूर्ण केबलकारको टिकट प्राप्त गरे भने २ जनालाई गोला प्रथाबाट बाल्टाको कुकर प्राप्त भयो । मेलाको प्रवेश टिकटमा विभिन्न खाले छुटको व्यवस्था गरिएको जनाउँदै उनले प्रवेश टिकटमा खर्चिएको रकमभन्दा बढी लाभ मेला अवलोकनकर्तालाई प्रदान गरिएको बताए ।

# भ्रष्टाचार गर्दिन, प्रतिबद्धता पुरा गर्छु : महेश भट्टराई

पोखरापत्र संवाददाता
स्याङ्जा, १८ मंसिर

स्याङ्जाको प्रतिनिधि सभा क्षेत्र नं. २ को प्रदेशसभा (२) तर्फ नेपाली काँग्रेस युवा नेता महेश भट्टराई प्रदेश सदस्यमा निर्वाचित भए । उनले एमालेका बुद्धिमान श्रेष्ठलाई १ हजार ८ सय ९ मतान्तरले पराजित गर्दै निर्वाचित भएका हुन् ।



निर्वाचित भट्टराईले १८ हजार ८ सय ८ मत प्राप्त गर्दा पराजित श्रेष्ठले १६ हजार ९ सय ९९ प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ । मंसिर ४ मा सम्पन्न निर्वाचनमा बुथ कब्जा गरेको एमाले र काँग्रेसको आरोप प्रत्यारोपले ११ गते साँझबाट शुरु मतगणनाको ढिलो गरी शनिवार राति मतपरिणाम आयो ।

२०७४ को स्थानीय तह निर्वाचनमा भट्टराई गल्याङ नगरपालिका वडा नं. ३ को वडाध्यक्षमा विजयी हुँदा उता श्रेष्ठ चापाकोट नगरपालिकाको नगरप्रमुखमा पराजित बन्न पुगेका थिए । श्रेष्ठको पराजयको श्रृंखला २०७४ देखि २०७९ सम्म जारी छ । राजनैतिकमा संघर्षको विरासत बोकेको परिवारका सदस्य भट्टराई जिल्लामै (२०७४-०७९) उदाहरणीय जनप्रतिनिधका रुपमा परिचित थिए । आफ्नो कार्यकालमा उनले स्थानीय सरकारको बजेट मार्फत र पकेटकै जोहो गरेर समाजसेवामा खर्च गरे, व्यस्त रहे । प्रदेशसभा अन्तर्गतका २६ वडा मध्ये अधिकांश वडामा श्रेष्ठको तुलनामा भट्टराईलाई आम मतदाताले धेरै विश्वास गरेको प्रमाणित भएको छ । भण्डै २० वडामा मत भट्टराईले बहुमत ल्याए । भट्टराईले प्रत्यक्ष रुपमा गरेको काम र परिवारको विरासतलाई आम मतदाताले अनुमोदन गरेका छन् । निर्वाचित भएपछि काँग्रेसका युवा नेता भट्टराईले प्रदेशसभा सदस्यको जिम्मेवारीलाई कुशलता पूर्वक निर्वाह गर्ने बाचा गरे । हर क्षण जनताको सेवा लाग्ने समर्पित हुने बताउँदै भट्टराईले भ्रष्टाचार नगर्ने र चुनावी मैदानमा गरेको बाचा पुरा गर्ने अठोट गरेका छन् ।

"हाम्रो समाजको ठूलो समस्या भनेकै भ्रष्टाचार हो, त्यसको अन्त्य नभएसम्म सम्मुनत समाज बन्दैन्," निर्वाचित भएपछि एक विज्ञप्ती जारी गर्दै भट्टराईले भने, "सम्मुनत समाज निर्माणका लागि सुशासन कायम राख्दै भ्रष्टाचार अन्त्य भएपछि समाज विकास पहिलो प्राथमिकता हो ।" निर्वाचनको दौरानमा गरिएका एक-एक बाचा पुरा गर्ने तर्फ ध्यान केन्द्रित गर्ने दाबी गरेका भट्टराईले खानेपानीको गुणस्तरीय सेवा विस्तार, विद्युत सेवाको सर्वशुलभ उपलब्धता, सडक निर्माण र रोजगारी तथा स्वरोजगारबाट आम नागरिकको जीवनमा परिवर्तन ल्याउनु चुनौती रहेको बताए । नागरिकको सेवा नै मुल कर्म र धर्म हो भनेर भट्टराईले संकल्प गरेका छन् ।

चुनावी मैदानमा जित हार लोकतन्त्रको सुन्दर पक्ष रहेको स्पष्ट पार्दै विजयी भट्टराईले प्रतिस्पर्धी उम्मेदवार श्रेष्ठलाई जनताको सेवा खटिन आग्रह गरे । निर्वाचनका क्रममा सहयोग गर्नेप्रति आभार व्यक्त गर्दै गण्डकी प्रदेश सदस्य भट्टराईले स्याङ्जाली जनताको साथ र सहयोग निरन्तर रहनेमा विश्वास जनाएका छन् ।

# प्रदेश खेलकुद परिषद गण्डकीमा अभिमुखीकरण तालिम

पोखरापत्र संवाददाता
पोखरा, १८ मंसिर

प्रदेश खेलकुद परिषद गण्डकीमा एक दिने अभिमुखीकरण तालिम सम्पन्न भएको छ ।

प्रदेश खेलकुद परिषदका सदस्य र जिल्ला खेलकुदका अध्यक्ष तथा पदाधिकारीहरुलाई लक्षित गरी एक दिने अभिमुखीकरण तालिम आयोजना गरिएको हो । अभिमुखीकरण तालिममा जिल्ला-जिल्लामा खेलकुदको सक्रियता र चलायमान बनाउने तथा नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त सफलताले खेलाडीहरुमा नयाँ जागरण आएको सहभागिहरुले बताएका छन् ।

कार्यक्रममा बोल्दै प्रदेश खेलकुदका सदस्य सचिव घनश्याम पौडेलले प्रदेशको खेलकुद विकासका लागि तालिम प्रभावकारी रहने बताउँदै खेलकुदको जग बलियो बनाउन सबैको उत्तिकै प्रभावकारी भूमिका हुनुपर्ने कुरामा जोड दिए ।

खेलकुदमा सुशासन पहिलो दायित्व रहने बताउँदै सदस्य सचिव पौडेलले जिल्ला खेलकुदको भूमिका लाई अझै प्रभावकारी बनाउन परिषदल आर्थिक वर्ष २०७९/०८०मा बजेट समेत विनियोजन गरिएको बताए । जिल्ला खेलकुदहरुको कार्यालय व्यवस्थापन, लेखा प्रणाली र जिन्सीहरुको अभिलेख र प्रमाणीकरणमा स्पष्टता भएमा मात्र खेलकुदको जग बलियो बन्न सहज वातावरण बन्ने उनको भनाई थियो ।

कार्यक्रममा प्रदेश खेलकुदका कार्यकारी सदस्य दिल बहादुर गुरुङले नवौं राष्ट्रिय खेलकुदमा प्रदेश खेलकुद गण्डकीले प्राप्त गरेको सफलताले गौरवको अनुभुती भएको बताउँदै प्रदेशका सबै जिल्लाहरुले प्राप्त बजेटहरुको समुचित प्रयोग र व्यवस्थापन आवश्यता रहेको बताए । परिषदका लेखा प्रमुख निलकण्ठ ढकालले जिन्सी र लेखा प्रणालीलाई व्यवस्थित बनाउने बारे प्रशिक्षण प्रदान गरेका थिए ।

# दोलखामा सत्ता गठबन्धनको अग्रता कायमै

रासस
काठमाडौं, १८ मंसिर

दोलखामा प्रतिनिधिसभा सदस्यमा सत्ता गठबन्धनका उम्मेदवार नेकपा (माओवादी केन्द्र)का गङ्गा कार्कीले अग्रता कायमै रहेको छ ।

हालसम्म ५६ हजार तीन सय २१ मत गणना गर्दा कार्कीले २५ हजार दुई सय मत प्राप्त गर्नुभएको छ । उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का बालकृष्ण शिवाकोटीले हालसम्म २३ हजार चार सय ७५ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले जानकारी दिनुभयो ।

दोलखा प्रदेशसभा-१ मा सत्ता गठबन्धनका उम्मेदवार अगाडि हुनुहुन्छ । हालसम्म ४२ हजार सात सय १९ मतगणना गर्दा नेपाली काँग्रेसका कुन्दनराज काफ्लेले २३ हजार दुई सय ३१ मत प्राप्त गर्नुभएको छ भने एमालेका नरबहादुर श्रेष्ठले १५ हजार तीन सय ५६ मत प्राप्त गर्नुभएको छ । प्रदेशसभा २ मा नेकपा (एमाले) का भरतबहादुर केसी निर्वाचित भइसक्नुभएको छ । जिल्लामा जम्मा ९४ मतदानस्थल र एक सय ९५ मतदान केन्द्र रहेका थिए । कूल एक लाख ६१ हजार चार सय ५० मतदाता रहेका थिए भने १४ राजनीतिक दलका र सात स्वतन्त्र गरी २१ उम्मेदवार चुनावी मैदानमा सहभागी भएका थिए । कूल मत ८५ हजार तीन सय ८८ खसेको थियो ।

# कांग्रेसमा अन्तर्घात गर्नेको सूची केन्द्रमा पठाउन निर्देशन

रासस
काठमाडौं, १८ मंसिर

नेपाली काग्रेसले यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पार्टीभित्र अन्तर्घात गरी असहयोग गर्नेको सूची केन्द्रमा पठाउन निर्देशन गरेको छ ।

पार्टीका उम्मेदवार र गठबन्धन दलका उम्मेदवारलाई अन्तर्घात गरी असहयोग गरेको रहेछ भने जिल्ला एवं प्रदेश अनुशासन समितिमा परेका उजुरीलाई विधिवत निर्णय गरी केन्द्रीय अनुशासन समितिमा पठाउन आइतबार निर्देशन जारी गरिएको पार्टी कार्यालयले जनाएको छ ।

यस्तै जिल्ला एवं प्रदेश अनुशासन समिति गठन नभएको अवस्थामा तत्काल अनुशासन समिति गठन गरी निर्णयसहित आगामी पुस १५ गतेभित्र विवरण केन्द्रमा पठाउनु पर्ने निर्देशन जारी गरिएको पार्टी केन्द्रीय कार्यालयका सचिव प्रेम केसीले जानकारी दिनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सस्वा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, सायै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यु विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन त्यति नै सजिलो हुन्छ ।

– स्वेटमार्डेन

## सम्पादकीय

# महिला हिंसा विरुद्ध सबै लडौं

'सभ्य समाजको पहिचान, लैंगिक हिंसा विरुद्धको अभियान' भन्ने नाराका साथ १६ दिने अभियान चलिरहेको छासमाजमा लैंगिक विभेद रहेसम्म महिला हिंसा कम हुँदैन समाजमा रहेको विभेद हटाउन संचार माध्यम र संचारकर्मीको भुमिका महत्वपूर्ण रहन्छ । पत्रकारितामा महिलाको सहभागिता बढ्न थालेपछि महिलाका मुद्दाहरू संचार माध्यममा आउन थालेका छन । महिलाका समस्या महिलाले उठाउनुपर्छ भन्ने मानसिकता छासंचार माध्यममा महिलाका मुद्दा उठाउन र समाजलाई घच्घच्याउन पत्रकारितामा महिलाको सहभागिता बढाउन थालिएको छ ।

नेपाली पत्रकारिता क्षेत्रमा महिला सहभागिता विगत केही समययतादेखि क्रमिक रूपमा वृद्धि हुँदै आए पनि उल्लेखनीय अवस्था छैन । महिला जनसंख्याको दाँजोमा पत्रकारितामा उनीहरूको सहभागिता अझै छैन । महिला पत्रकार अनलाइन हिंसामा परेको एक सर्भेक्षणले देखाएको छ । ८८ प्रतिशत महिला संचारकर्मी अनलाइन हिंसामा परेको सर्भेक्षणले ल्याएको छायस सर्वेक्षणबाट जे जसरी तथ्याङ्क सार्वजनिक भएको छ, यसका आधारमा पत्रकारिता सहज छैन भन्ने देखाउँछ । पत्रकारिता पेसामा महिला सहभागितामा वृद्धि गर्न र महिलाका निम्ति सुरक्षित एवं मर्यादित छ भन्ने सन्देश दिनसक्नुपर्छ ।

सुरक्षित तथा मर्यादित पेसाका रूपमा पत्रकारिता क्षेत्रलाई प्रमाणित गर्न महिला पत्रकारमाथि हुने कुनै पनि किसिमका हिंसा रोकिनुपर्छ। महिला कार्यरत सञ्चारमाध्यम तथा सहकर्मीहरूको सल्लाह एवं सहयोग निकै प्रभावकारी हुन्छ । महिला पत्रकारले पनि कुनै पनि किसिमको हिंसाको प्रतिकार सुरुमै आफैँले पनि गर्नुपर्छ। महिलाले प्रतिकार गर्न के कस्ता कठिनाइ छन् भन्ने विषय बाहिर ल्याई समाधानको उपाय पहिल्याउनु पर्छ । अनलाइन हिंसाका कारण महिला पत्रकारको पनि कार्यशैली, गुणस्तर तथा व्यावसायिकता प्रभावित भइरहेको हुन्छ र त्यसको प्रत्यक्ष असर उनीहरूको पेसाप्रति परिरहेको हुन्छ। घरपरिवारलगायत अन्य तरहका दैनिक व्यवहार सम्हाल्नुपर्ने महिलाका निम्ति यस्तो स्थिति सिर्जना हुनु आफैंमा कठिन अवस्था मान्न सकिन्छ ।

महिला पत्रकारिमाथि भइरहेको यस प्रकारको हिंसा नियन्त्रण तथा निर्मूलै गर्नुपर्ने आजको आवश्यकता हो । यसका निम्ति सरकारले आवश्यक नियम, कानुन संशोधन, निर्माण, तर्जुमा तथा कार्यान्वयनका दिशामा तत्कालै पहल गर्नु उपयुक्त हुन्छ । महिला पत्रकारका निम्ति सहज तथा सुरक्षित कार्यस्थल निर्माणमा महिला कार्यरत सञ्चार माध्यम तथा सहकर्मीहरूको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण हुने देखिन्छ । महिला पुरुष सबैका निम्ति सुरक्षित तथा सहज वातावरण निर्माणबाटै समग्रमा सञ्चार जगत्को भलाइ हुन्छ । महिला पत्रकारलाई आवश्यक प्रशिक्षणसमेत जरुरी छ । पत्रकारिताको पेसागत प्रशिक्षणका साथै सुरक्षाका उपायहरूप्रति सार्वजनिक बहस जरुरी छ । नीगित, संस्थागत र संरचनागत सुधारबिना कुनै समाजले चाहेको परिवर्तन गर्न सक्दैन । पत्रकारिताका साथै सबै पेसा र व्यवसायका महिलाका निम्ति सुरक्षित कार्यस्थल अनिवार्य सर्त भएकोले पनि सुधार आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | ब्यापारमा लाभ | तुला | सत्कार मिल्नेछ |
| वृष | शत्रुको भय | वृश्चिक | सम्मान मिल्नेछ |
| मिथुन | झमेला बढ्ने | धनु | अप्रत्यासित लाभ |
| कर्कट | कार्यमा सफलता | मकर | आर्थिक समस्या |
| सिंह | मन चञ्चल | कुम्भ | मानसिक तनाब |
| कन्या | सहयोग मिल्नेछ | मीन | शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विश्वकप फुटबलमा अर्जेन्टिना क्वार्टरफाइनलमा

रासस

काठमाडौं, १८ मंसिर

कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत अर्जेन्टिना क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

कतारको अहमद विन अली रङ्गशालामा भएको अन्तिम १६ को खेलमा अर्जेन्टिनाले अष्ट्रेलियालाई २-१ गोलअन्तरले पराजित गर्दै क्वार्टरफाइनलमा प्रवेश गरेको हो । अर्जेन्टिनाको जितमा कप्तान लियोनल मेस्सीले खेलको ३५औं मिनेटमा गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाए भने ५७औं मिनेटमा जुलियान अल्भारेजको गोलपछि अग्रता दोब्बर भयो । खेलको ७७औंमिनेटमा एन्जोफर्नान्डेजले गोल गर्दै अष्ट्रेलियालाई खेलमा फर्काउने प्रयास गरे पनि पर्याप्त हुन सकेन । प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गर्ने अर्जेन्टिना दोस्रो टोली बनेको छ । यसअघि गए राति नै भएको अन्तिम १६ को पहिलो खेलमा नेदरल्याण्ड्सले अमेरिकालाई पराजित गर्दै क्वार्टफाइनलमा प्रवेश गरिसकेको छ । क्वार्टरफाइनलमा नेदरल्याण्ड्स र अर्जेन्टिनाबीच प्रतिस्पर्धा हुनेछ ।

# चुनाव सकेसँगै जाडो छल्न हिँडे मनाङवासी

रासस

मनाङ, १८ मंसिर

हिमाली जिल्ला मनाङमा जाडो बढ्दै गएपछि मनाङवासी बेसी झर्न थालेका छन् ।

जाडो बढेसँगै मौसममा प्रतिकूलताले जीवनयापनमा समस्या हुँदा मनाङवासी जाडो छल्न बेसी झर्ने गर्दछन् । यस वर्ष निर्वाचनको समय परेकाले जाडो बढ्दै गएको अवस्थामा जिल्ला भित्रिएका मनाङवासी चुनाव सकिएसँगै बेसी झरेका छन् ।

मनाङमा चिसो बढ्न थालेपछि मनाङवासी काठमाडौँ, पोखरालगायतका स्थानमा जाडो छल्न गएका प्रमख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । 'मनाङवासी जाडोमा हिउँ पर्ने हुँदा चिसोको समस्या टार्न जिल्ला बाहिर जाने गर्दछन्, उहाँले भन्नुभयो, 'यस पटक निर्वाचनले गर्दा अलि ढिला गरी मनाङवासी बेसी झरेका छन् ।' कात्तिक मध्यबाट जिल्लावासी जाडो छल्न बेसी जाने समय हो ।

तर यस पटक निर्वाचन सकिएपछि झरेका प्रजिअ आचार्यले बताउनुभयो । 'हिउँ पर्ने समय भएको छ । चिसो खानेपानी जम्ने गर्दछ । यसले गर्दा पनि बाहिर जान उहाँहरुको बाध्यता हो', उहाँले भन्नुभयो । मनाङवासी करिब चार महिनाका लागि जिल्ला बाहिर जाडो छल्न जाने गरेको आचार्य बताउनुहुन्छ । 'खाद्यान्न ढुवानी गर्न, खानेपानी जम्ने भएकाले पनि मनाङवासी बाहिर जान बाध्य हुन्छन्', उहाँ भन्नुहुन्छ । यस सातासम्म पर्यटकको कम मात्रामा भए पनि आवतजावत चलिरहेको उहाँले बताउनुभयो ।

'केही पर्यटन व्यवसायी भने यहाँ पर्यटकको आवत जावत हुँदासम्म बसोबास गर्नुहुन्छ', पर्यटक आवतजावत रोकिएको अवस्थामा उहाँहरु पनि जिल्ला बाहिर जान सक्ने सम्भावना रहेको भन्दै उहाँले बताउनुभयो । जाडो मौसममा मनाङ प्राय सुनसान रहन्छ ।

# विश्वकप क्रिकेट लिग र नेपाल स्कटल्याण्डसँग पराजित

रासस

काठमाडौं, १८ मंसिर

आइसिसी विश्वकप क्रिकेट लिग-२ त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपाल स्कटल्याण्डसँग पराजित भएको छ ।

नामिबियाको युनाइटेड क्रिकेट क्लब ग्राउन्डमा आज भएको खेलमा नेपाल स्कटल्याण्डसँग तीन विकेटले पराजित भएको हो । यस जितसँगै स्कटल्याण्ड शीर्ष स्थानमा उक्लिएको छ । नेपालले स्कटल्याण्डलाई जितका लागि एक सय ३८ रनको लक्ष्य दिएको थियो । जवाफमा स्कटल्याण्डले ३२ दशमलव एक ओभरमा सात विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो ।

स्कटल्याण्डका क्रिस्टोफर मिकब्राइडले सर्वाधिक ४३ रनको योगदान दिए । उनले ४७ बलमा सात चौकासहित ४३ रनको योगदान दिएका हुन् । त्यस्तै ब्रेन्डन म्याकमलन ३२ रनमा अविजित रहे भने माइकल लिस्कले २२ रन बनाए । ओपनर जर्ज मुन्शेले १७ रन जोड्दा म्याथ्यु क्रसले १३ रन बनाए । नेपालका ललितनारायण राजवंशी, गुलशन झा र सागर ढकालले समान दुई-दुई विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३७ रनमा समेटिएको थियो । नेपालका गुलशन झाले २९ बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक २९ रन बनाए । त्यसैगरी ज्ञानेन्द्र मल्लले ३९ बलमा तीन चौकासहित २५ रन जोडे भने कुशल भुर्तेलले १७ रन बनाए । दीपेन्द्रसिंह ऐरी नौ रनमा आउट हुँदा करण केसीले आठ रन जोडे । आसिफ शेख सात रनमा 'क्याच आउट' भए भने सागर ढकालले चार तथा ललितनारायण राजवंशीले तीन रन जोडे । स्कटल्याण्डका क्रिस सोलले तीन विकेट लिँदा मार्क वाटले दुई विकेट लिए । ब्रेन्डन म्याकमलन, शफ्यान शरिफ र माइकल लिस्कले समान एक-एक विकेट झारे । यसअघि भएको नेपाल र नामिबियाबीचको पहिलो खेल वर्षाका कारण रद्द भएपछि दुवै टोलीले एक-एक अङ्क जोडेका थिए । नेपालले अब बुधबार नामिबियासँग खेल्नेछ । स्कटल्याण्ड ३० खेलमा २१ मा जित र ७ मा हारका साथ ४४ अङ्क जोड्दै शीर्षस्थानमा उक्लिएको हो । नेपाल २२ खेलमा ८ मा जित र १२ मा हारसहित १८ अङ्क जोड्दै छैटौं स्थानमा छ ।

# विद्यालयमा इन्टरनेट विस्तार

पोखरापत्र संवाददाता

बागलुङ, १८ मंसिर

जिल्लाको तमानखोला गाउँपालिका सबै विद्यालय सुविधासम्पन्न बनेका छन् । आधारभूत र माध्यमिक तहसम्म पढाइ हुने विद्यालयमा त आधुनिक प्रविधिमार्फत पठनपाठनसमेत हुन थालेको छ ।

अहिले गाउँपालिकाले प्राथमिक तहबाहेक सबै विद्यालयमा इन्टरनेट विस्तार गरेको छ । गाउँपालिकामा तीनवटा माध्यमिक विद्यालय छन् । तमानखोला गाउँपालिका-३ को धन गौ ज्योति माध्यमिक विद्यालय, वडा नं ५ को शान्ति माध्यमिक विद्यालय र वडा नं १ को जनजागृति माध्यमिक विद्यालयमा इन्टरनेट जडान भएको छ । धन गौ ज्योति र जनजागृति माविमा गत वर्ष र शान्ति माविमा दुई वर्ष अगाडि इन्टरनेट जडान भएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले जानकारी दिनुभयो । गाउँपालिकाले यसै वर्ष वडा नं २ को जनज्योति आधार भूत विद्यालयमा पनि इन्टरनेट विस्तार गरेको उहाँको भनाइ छ । शिक्षालाई प्रविधिमैत्री बनाउने उद्देश्यअनुसार पालिकाले विद्यालयमा इन्टरनेट विस्तार गरेको उहाँको भनाइ छ । उहाँले अहिले चार विद्यालयमा मात्रै इन्टरनेट विस्तार गरेको भन्दै अब विस्तारै अन्य विद्यालयमा विस्तार गर्ने योजना रहेको बताउनुभयो । अध्यक्ष बुढामगरले भन्नुभयो, "हाल पालिकाका तीन मावि र केही आधारभूत तहका विद्यालयमा इन्टरनेट विस्तार गरेका छौँ, अन्य विद्यालयमा पनि विस्तारै जडान गर्ने योजना छ, प्रविधिको विकाससँगै अब दुर्गमका विद्यार्थीलाई आधुनिक प्रविधिसँग जोड्ने हाम्रो प्रयास हो ।"

विद्यालयमा इन्टरनेट जडानपछि शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्दै गए पनि केही समयदेखि अवरुद्ध हुँदा शिक्षण सिकाइमा समस्या भएको जनज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक भविन्द्र पुनले बताउनुभयो । उहाँले अहिलेको युगमा इन्टरनेट अतिआवश्यक भएको जनाउँदै यसले पठनपाठनमा निकै सहजता प्रदान गरेको छ भन्नुभयो ।

"इन्टरनेट जोडेको केही महिना राम्रोसँग चल्यो अहिले अवरुद्ध भएको छ, अहिलेको जमानामा इन्टरनेटबिना शिक्षण सिकाइ अपूरो हुन्छ", प्रअ पुनले भन्नुभयो, "शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि इन्टरनेटको विकल्प छैन, सबै विद्यालयमा यो विस्तार हुन जरुरी छ ।" उहाँले इन्टरनेट जडानपछि विद्यार्थीलाई सिक्न रुचि राखेको विषय प्रत्यक्ष देखाएर सिकाउन सकिने भन्दै तत्काल देश-विदेशका घटनाका सूचना सजिलै प्राप्त गर्न सकिने उहाँको भनाइ छ । कोभिडको समयमा अनलाइन कक्षा सञ्चालनमा समेत ठूलो टेवा पुगेको उहाँको भनाइ छ ।

तमानखोलाका उपाध्यक्ष हीराकुमारी छन्त्यालले सूचना प्रविधिको विकाससँगै शिक्षालाई पनि प्रविधिमैत्री बनाउनका लागि विद्यालयमा इन्टरनेट विस्तार गर्न थालेको बताउनुभयो । सुरुमा वडा कार्यालयमा इन्टरनेट जडान गरेकामा अहिले विद्यालमा समेत विस्तार गर्न थालेको उहाँले जानकारी दिनुभयो । "हामीले केटमाइन इन्टरनेट सेवा प्रदायकसँग सम्झौता गरेर वडाहरूमा इन्टरनेट विस्तार गर्यौं, विद्यालयहरूमा पनि यसको अतिआवश्यक हुँदा अहिले माध्यमिक तहका विद्यालयमा जडान गरेर सुरुआत गरेका छौँ", उपाध्यक्ष छन्त्यालले भन्नुभयो, "शिक्षा प्रविधिमैत्री बनाउने हिसाबले इन्टरनेट जडानको कामलाई अगाडि सारिएको हो, यसले पक्कै पनि विद्यार्थीको सिकाइमा केही नयाँपन ल्याउने र प्रभावकारी बनाउने छ ।" तमानखोलामा २४ विद्यालय छन् । ती मध्ये माध्यमिक विद्यालय तीन, आधारभूत विद्यालय नौ र प्राथमिक विद्यालय १२ छन् । विद्यालयमा इन्टरनेट जडानपछि विद्यार्थीसमेत हर्षित बनेका छन् । कक्षा १० मा पढ्ने रोहित बुढामगरले विद्यालयमा इन्टरनेट जडान भएपछि कम्प्युटर सिक्न र नयाँ ज्ञान, सीप सिक्न सहज भएको बताउनुभयो ।

# चोरी सिकारीका कारण रेडपाण्डा जोगाउन समस्या

रासस

म्याग्दी, १८ मंसिर

विश्वमै दुर्लभ मानिएको जङ्गली जनावर रेडपाण्डा (हाब्रे) जोगाउन समस्या भएको छ । पश्चिम म्याग्दीको विभिन्न ठाउँमा पाइने रेडपाण्डा चोरी सिकारीका कारण जोगाउन समस्या भएको हो ।

धौलागिरि गाउँपालिकाको गुर्जा, मुदी र लुलाङका जङ्गलमा पाइने हलुका रातो, सेतो र कालो रङ्को रेडपाण्डा सिकारीको रोजाइँमा पर्ने गरेको छ । वन जङ्गलमा टुसा खोज्न जाने स्थानीयवासीले घरेलु हतियार प्रयोग गरेरसमेत रेडपाण्डा सिकार गर्ने गरेका छन् । पाँच वर्षअघि विश्व वन्यजन्तु कोषको सहयोग तथा हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटर्वक र हिमाली संरक्षण मञ्चले खोजी अभियान सञ्चालन गरेको थियो । उक्त संरक्षण अभियानले दुई वर्षयता निरन्तरता पाउन नसक्दा चोरी सिकारी गर्ने क्रम बढेको स्थानीय जसवीर विकले बताउनुभयो । रेडपाण्डा नेटवर्कका अनुसन्धानकर्ताले स्थानीयवासीलाई यसबारे जानकारी गराउनुको साथै वासस्थानसमेत देखाएपछि स्थानीयवासी यसको संरक्षणमा लागेका थिए । धौलागिरि गाउँपालिका-१ का वडाध्यक्ष भक्तप्रसाद छन्त्यालका अनुसार सिकारीले सिकार आरक्ष ढोरपाटनसँग सिमाना जोडिएका स्थानमा रतुवा, घोरल, मृग, बँदेलसहित लोपोन्मुख रेडपाण्डाको सिकार गर्ने गरेका छन् । "रेडपाण्डा संरक्षण समितिले नियमित गस्ती, जनचेतनामूलक कार्यक्रम, वासस्थान आसपासका क्षेत्रमा आवतजावतमा कडाइ गर्दै आएको थियो", उहाँले भन्नुभयो । पश्चिम म्याग्दीका जङ्गलमा प्रारम्भिक अनुसन्धानमा पाँचवटा भेटिए पनि गाउँपालिकाअन्तर्गतमासामुदायिक तथा राष्ट्रिय वनमा झण्डै २० रेडपाण्डा रहेको अनुमान गरिएको छ । समुद्री सतहबाट दुई हजारदेखि चार हजार ८०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको छ । निगालोको टुसालाई आहाराको रुपमा प्रयोग गर्ने रेडपाण्डासहित अन्य वन्यजन्तुको तस्करी नियन्त्रणका लागि स्थानीयवासीलाई सहयोग गर्दैआएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेम पुनले बताउनुभयो । म्याग्दीका साथै नुवाकोट, रसुवा, धादिङ, लमजुङ, मनाङ, मुस्ताङ, बागलुङलगायत जिल्लामा रेडपाण्डाको बासस्थान रहेको अनुसन्धानकर्ता सरोज श्रेष्ठले बताउनुभयो ।

# चितवनका तीस प्रतिशत उद्योग बन्द हुने अवस्थामा

रासस

चितवन, १८ मंसिर

आर्थिक गतिविधि चलायमान हुन नसक्दा तथा बढ्दो बैंक व्याजदरका कारण जिल्लामा रहेका ३० प्रतिशत उद्योग बन्द हुने अवस्थामा पुगेका छन् ।

उद्योग सङ्घ चितवनले चालू पूँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ र बढ्दो व्याजदरको विरोधमा आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा मागमा ठूलो मात्रमा गिरावट आउँदा उद्योग व्यवसाय धरासायी हुने अवस्थामा पुगेको बताइएको हो । बैंकको व्याजदर बढ्दा व्यवसायीले ऋण तिर्न नसकी व्यवसाय बन्द गर्नु परेको सङ्घका अध्यक्ष त्रिलोचन कँडेलले बताउनुभयो । जिल्लामा यसको प्रभाव प्रत्यक्षरुपमा पोल्ट्री व्यवसाय, खाद्यान्न उद्योग, औषधिजन्य उद्योग तथा निर्माणजन्य सामाग्री उत्पादन उद्योगमा परेको सो अवसरमा जानकारी दिइयो ।

"झण्डै २५ हजार व्यक्तिले रोजगारी गुमाउनु परेको छ", उहाँले भन्नुभयो, "चालु पूँजी मार्गदर्शन र बढ्दो व्याज दरका कारण उद्योग व्यवसाय धरासायी बन्न पुगेको छ ।" पोल्ट्री क्षेत्रमा अहिले लेयस ह्याचरी उद्योग तीन महिनादेखि आवश्यक पर्दा मात्रै चल्ने गरी बन्द भएका र ब्रोइलर ह्याचरी उद्योगसमेत बन्द हुने अवस्थामा पुगेका छन् । साना पोल्ट्री फार्म बन्द भएका र ठूला फार्मसमेत बन्द हुने अवस्थामा पुगेका सङ्घका निवर्तमान अध्यक्ष राजु पौडेलले जानकारी दिनुभयो । आर्थिक तरलताका कारण उपभोग्य सामान १८ प्रतिशत, विद्युतीय उपकरण ५५ प्रतिशत, अटोमोबाइल ७५, बीमा ३० तथा घरजग्गा कारोबारमा ५२ प्रतिशतले गिरावट आएको छ । निजीक्षेत्रबाट गरिएको सर्वेक्षणबाट देखिएको भन्दै पौडेलले जुत्ता, चप्पल ४५ प्रतिशत, स्टिल उत्पादन ३१, सिमेन्टलगायत निर्माण सामग्री ४५, प्लास्टिक ३८, पूँजी बजार कारोबार ४० तथा होटल व्यवसायमा ४० प्रतिशतले गिरावट आएको पौडेलले जानकारी दिनुभयो । यस्तै रेष्टुरेन्टमा २० प्रतिशत र पोल्ट्री उद्योगको कारोबारमा ४५ प्रतिशतले गिरावट आएको उहाँको भनाइ छ ।

